## जिल्ला विकास समितिको कार्यालय, दाङ

११३. **मालपोत** – यो वर्ष ३९ गाउं विकास समिति र २ नगरपालिकाबाट रु.२ लाख मालपोत आम्दानी प्राप्त गर्ने अनुमान गरे तापनि रकम प्राप्त भएको छैन । मालपोत भूमिकर सङ्कलन तथा व्यवस्थापन निर्देशिका, २०५७ को नियम ८ अनुसार मालपोत कार्यमा सामन्जस्यता ल्याउन तथा बाधा अड्काउ फुकाउन मालपोत सङ्कलन तथा व्यवस्थापन समिति गठन गर्नुपर्ने कानुनी व्यवस्थाको पालना भएको छैन ।

११४. **समीक्षा** – बालबालिका र महिलाका लागि विकेन्द्रित कार्यक्रमको निर्देशिकाबमोजिम जिल्ला परिषद्ले कार्यक्रमको प्रगति समीक्षा गर्ने र जिल्ला विकास समितिलाई मार्गदर्शन गर्नुपर्नेमा सोबमोजिम उल्लिखित कार्यक्रमको समीक्षा गरेको देखिएन ।

- **स्थानीय विकास कोष** –

११५. **अग्रगमन कार्यक्रम** – शान्ति द्वन्द समाधान र अग्रगमन कार्यक्रममा लगानी भएको ऋणमध्ये भाखा नाघेको रु.१६ लाख ३१ हजार द्वन्द पीडित व्यक्ति तथा समुदाय सम्पर्कमा नआएको भनी असुल भएको छैन । कार्यालयले अनुगमन नगरेकोले लगानीमा रहेको ऋणको स्थिति शंकास्पद रहेको छ ।

११६. **बीमा** – स्थानीय विकास कोष (स्थापना र सञ्चालन) विनियमावली, २०५८ को विनियम ७(घ) बमोजिम रकम हराए वा नासिएमा क्षतिपूर्ति र सुरक्षाको लागि आवश्यक बीमा नीति तयार गरी लागू गर्नसकिने व्यवस्था छ । तर विभिन्न कार्यक्रमको रु.३ करोड १५ लाख ३२ हजार लगानीमा रहेकोमा त्यसको आवश्यक सुरक्षा प्रदान गर्न बीमा लगायत अन्य असुली प्रक्रियाको व्यवस्था गरेको छैन ।

११७. **जिन्सी** – आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ४७ बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता एवं अन्य कुनै प्रकारबाट प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा ७ दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरिराख्नुपर्नेमा सो अनुरुप अद्यावधिक गरी प्रमाणित गरिराखेको छैन ।